आज मिति २०७६।१२।०६ गतेका दिन यस चौदण्डीगढी नपा० नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसियो।

## तपसिल उपस्थिति

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - उप-प्रमुख
३. श्री रोहितमान तामाङ - अध्यक्ष वडा नं. १
४. श्री सन्तोष सुवेदी - ,, २
५. श्री पशुराम राई - ,, ३
६. श्री चरण कुमार राई - ,, ४
७. श्री देव नारायण चौधरी - ,, ५
८. श्री कमलध्वज राई - ,, ६
९. श्री तेजराज तिम्सिना - ,, ७
१०. श्री श्याम कुमार मगर - ,, ८
११. श्री प्रकाश राउत - ,, ९
१२. श्री राम कुमार खड्का - ,, १०
१३. श्री देवि कार्की - नगर कार्यपालिका सदस्य
१४. श्री जानुका कमर - ,, ,,
१५. श्री मदन कुमारी कट्वाल - ,, ,,
१६. श्री विमला राई ,, ,,
१७. श्री अस्मिता नेपाली ,, ,,
१८. श्री प्रमिला दनुवार ,, ,,
१९. श्री सुन्दर प्रकाश साह ,, ,,
२०. श्री सत्यनारायण हजदार - नि.प्र.प्र. आमन्त्रित

## प्रस्तावहरु

१. कोरोना भाइरस (Covid-19) सम्बन्धमा।
२. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सम्बन्धमा।
३. एम्बुलेन्स खरिद सम्बन्धमा।
४.

Scanned by CamScanner

## छलफल तथा निर्णयहरु

नि.नं.१ प्रस्ताव नं. १ माथि छलफल गर्दा कोरोना भाइरस Covid-19 बाट बच्न र बचाउनको लागि नेपाल सरकारले गरेका जानकारी तथा सूचनाहरुलाई मध्येनजर गर्दै विश्वव्यापी जोखिमको रूपमा फैलिएको कोरोना भाइरस नियन्त्रणको लागि तपसिल अनुसारका कार्यहरु संचालन गर्ने निर्णय गरियो ।

### तपसिल

१. रामप्रसाद राई रंगशालामा निर्माण भएको भवनमा १५ (पन्ध्र) वटा आइसोलेसन बेड तयार गर्ने साथै उक्त खेल मैदानमा कुनै खेलकुद गतिविधिहरु संचालन नगर्ने ।

२. सबै वडा कार्यालयहरुले आ-आफ्नो वडाका सिमानाहरुबाट तथा बढी आवत जावत हुने सडक र स्थान सम्भावती मिल्ने क्षेत्रहरुमा आवश्यकता अनुसार (स्वास्थ्य) हेल्प डेस्क स्थापना गर्ने साथै हात धुने साबुन पानीको व्यवस्था गर्ने ।

३. विभिन्न वडाहरुमा लाग्दै आएको हाटिया बजार हरु अर्को सूचना नआएसम्मको लागि बन्द गर्ने साथै कुनै पनि स्थानमा भिडभाड तथा जमघट हुन नदिने ।

४. माथि उल्लेखित विषयहरु कार्यान्वयनको लागि सम्बन्धित निकायहरु, संघ संस्थाहरु टोल विकास संस्थाहरु मार्फत व्यापक प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने ।

५. उपरोक्त अनुसारको व्यवस्था संचालनको लागि आवश्यक सामाग्रीहरु स्वास्थ्य शाखा संग समन्वय गरी तत्काल व्यवस्थापन गर्ने र सोको लागि आवश्यक रकम यस नपा को स्वास्थ्य तथा भैपरी खर्च शीर्षक बाट उपलब्ध गराउने निर्णय गरियो ।

Scanned by CamScanner

प्रस्ताव नं.२.माथि छलफल गर्दा नेपाल सरकार,शिक्षा,बिज्ञान तथा प्रविधि मन्त्रालय,शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम गर्न इच्छुक सार्बजनिक बिद्‌यालयहरुलाई परियोजना प्रस्ताव पेश गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना अनुसार परियोजना सञ्चालन गर्न इच्छुक सार्बजनिक बिद्‌यालयहरुबाट बढिमा २५ लाख रुपैयासम्मको प्रस्ताव आव्हान गर्न सकिने भन्ने भए बमोजिम तोकिएका क्षेत्रहरुबाट तोकिएका प्रकृया ( कार्यबिधि अनुसार ) पूरा गरी यस नगर भित्र सञ्चालित सामुदायिक माद्‌यमिक विद्‌यालयहरु मद्‌ये तपशिलमा उल्लेखित विद्‌यालयहरुले सेवाक्षेत्रका बालबालिकाहरुको आवश्यक्ता र माग अनुसार साथै चौदण्डीगढी नगरपालिका र आसपासका स्थानीय तहका अलवा छिमेकी जिल्लाका बालबालिकाहरुको चाहना अनुसार तपशिलमा उल्लेखित परियोजना यस न.पा.मा पेश गरिएकोले कार्यपालिकाको निर्णय सहित प्राथमिकताक्रममा सिफारिस गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा यसको स्क्यान प्रति cehrd4perp@gmail.com वा perp.cehrd@gmail.com मा इमेल गरिदिने र सक्कल प्रति २०७६।१२।१० गते भित्र शिक्षा बिकास तथा समन्वय इकाइमा पुग्ने गरी व्यबस्था मिलाई दिने निर्णय सर्ब सहमतीबाट पारित गरियो ।

तपशिल

| क्र.स. | परियोजना पेश गर्ने बिद्‌यालयको नाम | परियोजनाको नाम | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | श्री ज्योति मा.वि., बेल्टार | विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन | २५०००००/- | |
| २ | श्री जनता मा.वि., लुङ्गिनटार | कम्प्युटर तथा सूचना प्रविधि प्रयोगशाला | २५०००००/- | |
| ३ | श्री नारद आदर्श मा.वि. वर्षडाँडा | प्राविधिक प्रयोगशाला तथा अन्य | २५०००००/- | |
| ४ | श्री भगवती मा.वि. हडिया | खेल मैदान निर्माण र अन्य | २५०००००/- | |
| ५ | श्री मा.वि., आमसाल | इन्टरनेट सुविधा विस्तार र अन्य | २५०००००/- | |
| ६ | श्री लौहागढ मा.वि. रेडराहा झाडा | खेलमैदान निर्माण तथा अन्य | २५०००००/- | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |

Scanned by CamScanner

नि.नं.३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस न.पा.को - लागि १ थान एम्बुलेन्स खरिद गर्ने सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय विकास सहायता समन्वय शाखा को च.नं. १(ज) ६०० मिति २०७६।१०।२४ को पत्र अनुसार - उक्त मन्त्रालयको मिति २०७६।१०।२३ गतेको निर्णय बाट Agni Incorporated pvt. Ltd को प्रोफर्मा इन्भ्वाइस अनुसार मा.रु. ५,८२,१३०।- मूल्य बराबरको Mahindra Bolero Ambulance 4WD थान एकको आयतमा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुटको लागि व्यवस्था भई आएको हुँदा उक्त पत्र अनुसारको एम्बुलेन्स थान - १ खरिद कार्य Agni Incorporated Pvt. Ltd सँग गर्ने निर्णय गरियो ।